निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

# प्रेस विज्ञप्ति

प.सं. च.नं./Ref:

मिति : २०७६/८/१४

निर्वाचन आयोग नेपाल २०२३

काठमाडौं, मङ्सिर १४ ।

## मतदान कार्य सम्पन्न भएको सम्बन्धमा

आज मिति२०७६ साल मङ्सिर १४ गते शनिबार बिहान७:०० बजेदेखि साँझ ५:०० बजेसम्म ३७ जिल्लाका ५३७ मतदान केन्द्रमा मतदान कार्य शान्तिपूर्ण रूपमा सम्पन्नभएको छ । मतदानकेन्द्रमा जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, गर्भवती महिला, सुत्केरी, क्रियापुत्री, अशक्त मतदातालाई सहज ढंगले मतदान गर्न पाउने गरी आवश्यक प्रबन्ध मिलाइएको थियो । मतदानको क्रममा बागलुङको ज्ञानोदयमा.वि. को कोवाङ केन्द्रमा ९७ वर्षिय गौरा कामत, बैतडीको पुर्चौडी मा.बि. मतदान केन्द्रमा ९९ वर्षिय बिरुवा धानुक र कोहलपुर न.पा. सिद्धार्थ आधारभूत बिद्यालय केन्द्रबाट ससुराको कृया बसेकी ४२ वर्षिया सावित्री सापकोटाले समेत मतदान गरेका छन् । मतदान भइरहेको अवस्थामा कास्की, दाङ, सर्लाही, डोटी र लमजुङ जिल्लामा मतदान केन्द्र नजिक सामान्य घटना भएता पनि यसबाट मतदानमा कुनै असर नपरी मतदाताको उल्लेख्य र उत्साहपूर्ण सहभागिता रहेको थियो ।

यस उपनिर्वाचनमा प्रतिनिधि सभातर्फ कास्की निर्वाचन क्षेत्र नं. २ को प्रतिनिधि सभा सदस्य-१, प्रदेश सभा सदस्यतर्फ भक्तपुर जिल्लानिर्वाचन क्षेत्र नं. १ को १, बागलुङ जिल्ला क्षेत्र नं. २ को २, दाङ जिल्ला निर्वाचन क्षेत्र नं. ३ को २ गरी -३ जना र स्थानीय तहतर्फ धरान उपमहानगरपालिकाको प्रमुख-१, संखुवासभा जिल्ला मकालु गाउपालिकाको अध्यक्ष-१, पाँचथर जिल्लाको फाल्गुनन्द गाउँपालिकाको अध्यक्ष-१, महोत्तरी जिल्लाको पिपरा गाउँपालिकाको अध्यक्ष-१ गरी गाउँपालिका अध्यक्ष-३ जना, हुम्ला जिल्लाको खार्पुनाथ गाउँपालिकाको उपाध्यक्ष-१ र विभिन्न गाउँपालिका तथा नगरपालिकाका वडाअध्यक्ष-४३ गरी जम्मा ५२ रिक्त पदका लागि उपनिर्वाचन सम्पन्न भएको छ ।

उपनिर्वाचनमा प्रतिनिधि सभा सदस्यतर्फ ११, प्रदेश सभा सदस्यतर्फ १५ र स्थानीय तहका सदस्यका लागि २० वटा राजनीतिक दल प्रतिस्पर्धामा रहेका छन् । उपनिर्वाचनमा प्रतिस्पर्धी ३३७ उम्मेदवारमध्ये राजनीतिक दलतर्फ २५३ र स्वतन्त्र उम्मेदवार ८४ जना रहेका छन् । जस मध्ये २५३ पुरुष र ८४ महिला उम्मेदवार छन् । प्रतिनिधि सभा सदस्यतर्फ राजनीतिक दलका ११ र स्वतन्त्र १० गरी २१, प्रदेश सभा सदस्यतर्फ राजनीतिक दलका २९ र स्वतन्त्र १४ गरी ४३ र स्थानीय तहका सदस्यतर्फ राजनीतिक दलका २१३ र स्वतन्त्र ६० गरी जम्मा २७३ उम्मेदवार प्रतिस्पर्धामा छन् ।

मतदानका लागि मतदाता परिचयपत्र आवश्यक पर्ने भएता पनि मतदाता परिचयपत्र प्राप्त गर्न नसकेका वाप्राप्त गरे पनि हराएका वा अन्य कुनै कारणले परिचयपत्र साथमा नरहेका मतदाताले सहजढंगले मतदान गर्न पाउन भन्ने उद्देश्यले आयोगले सम्बन्धित मतदाताको नेपाली नागरिकताको प्रमाणपत्र वा राहदानी वा कुनै सरकारी निकायले जारी गरेको फोटोसहितको परिचयपत्रको आधारमा मतदान गर्न पाउने व्यवस्था मिलाएको थियो । यसबाट मतदान केन्द्रमा उपस्थित भएका र अन्तिम मतदाता नामावलीमा नाम समावेश भएका कुनै पनि मतदाताले मतदानको अधिकारबाट बञ्चित हुन परेन ।

प.सं. च.नं./Ref.:

यस उपनिर्वाचनमा ४ लाख ५४ हजार ११४ जना मतदाता रहेकोमा  २ लाख ९७ हजार १ सय ३७जनाले  मतदान गरेको र यस उपनिर्वाचनमा सरदर ६५.४३ प्रतिशत मत खसेको प्रारम्भिक विवरण प्राप्त भएकोछ । प्रतिनिधि सभा सदस्यको निर्वाचन भएको कास्की जिल्ला निर्वाचन क्षेत्र नं. २ मा ६५ प्रतिशत (४६,५७५ मत) प्रदेश सभा सदस्यको निर्वाचन भएको भक्तपुरमा ७० प्रतिशत (३१,६८२ मत), बागलुङमा ६१ प्रतिशत (२१,२९५ मत) र दाङमा ६७ प्रतिशत (४५,७१९ मत) मतदान भएको छ । यसैगरी स्थानीय तहका सदस्यतर्फ धरान उपमहानगरपालिकाको प्रमुखका लागि भएको मतदानमा ५९ प्रतिशत, फाल्गुनन्द गाउँपालिका, मकालु गाउँपालिका, पिपरा गाउँपालिकाको अध्यक्षका लागि भएको मतदानमा क्रमशः ६६, ६५, ६० प्रतिशत र खार्पुनाथ गाउँपालिकाको उपाध्यक्षका लागि भएको मतदानमा ८५ प्रतिशत मतदान भएको छ । उपनिर्वाचनमा सबैभन्दा धेरै रौतहट र हुम्लामा र सबैभन्दा कम रोल्पा जिल्लाको थवाङ गाउँपालिकाको वडा नं १ को वडाअध्यक्षको लागि भएको मतदानमा १६.४ प्रतिशत मात्र मतदान भएको छ ।

निर्वाचन व्यवस्थापनमा आयोग र नेपाल सरकारका विभिन्न निकाय, मुख्य निर्वाचन अधिकृतको कार्यालय, निर्वाचन अधिकृतको कार्यालय, जिल्ला निर्वाचन कार्यालय लगायतसँग प्रभावकारी सम्पर्क, समन्वयका लागि सञ्चालनमा रहेको संयुक्त निर्वाचन सञ्चालन केन्द्र मार्फत उपनिर्वाचन भएका सबै मतदान स्थलमा सम्पर्क, समन्वय कायम गरी आवश्यक विवरण प्राप्त गर्नुका साथै उत्पन्न समस्या समाधानका लागि आवश्यक निर्देशन दिई निर्वाचन सञ्चालनलाई चुस्त र प्रभावकारी बनाइएको थियो ।

उपनिर्वाचनमा विभिन्न ४ वटा राष्ट्रिय पर्यवेक्षण संस्था, कुटनीतिक नियोगका प्रमुख तथा प्रतिनिधि, लगायत ४१९ जनाबाट पर्यवेक्षण/अवलोकन भएको थियो । पर्यवेक्षक एवम् अवलोकनकर्ताबाट उपनिर्वाचन स्वच्छ, स्वतन्त्र र विश्वसनीय रूपमा सम्पन्न भएको जानकारी प्राप्त भएको छ । यसैगरी निर्वाचन आयोगका पदाधिकारीहरूबाट समेत भक्तपुर र काठमाडौं जिल्लाका मतदान केन्द्रहरूको स्थलगत अनुगमन भएको थियो ।

उपनिर्वाचनका लागि नेपाल सरकार, गृह मन्त्रालयद्वारा सुरक्षा प्रवन्ध प्रभावकारी रहेका कारण निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न भएको छ । उपनिर्वाचन सम्पन्न गर्न सहयोग पुऱ्याउनु हुने आममतदाता, उम्मेदवार, राजनीतिक दल, सञ्चारकर्मी, पर्यवेक्षण संस्था, निकाय तथा व्यक्ति लगायत सरोकारवाला सबैलाई आयोग धन्यवाद व्यक्त गर्दछ । यसैगरी निर्वाचनमा संलग्न आयोग सचिवालय, मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतको कार्यालय, जिल्ला निर्वाचन कार्यालयका कर्मचारी, मतदान केन्द्रमा खटिएका कर्मचारी एवम् स्वयंसेवक, मतदाता शिक्षा कार्यकर्ता, सुरक्षाकर्मी लगायतलाई आ-आफ्नो जिम्मेवारी प्रभावकारी रूपमा निर्वाह गरी उपनिर्वाचन सम्पन्न गर्न योगदान गरेकोमा आयोग हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

०८०।८।१४

(राजकुमार श्रेष्ठ)
सहसचिव एवं प्रवक्ता


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्सः (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np